खावासाकी अन्तर्राष्ट्रिय संघ

# KIAN हेल्लो खावासकी

**जापानिज, अंग्रेजी, चाइनिज, कोरियन अथवा उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**

संघको होमपेज(https://www.kian.or.jp/hlkwsk.html) मा पनि प्रकाशित

2-2 किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, 211-0033, जापान
फोन नं.:044-435-7000 फ्याक्स नं.:044-435-7010 https://www.kian.or.jp/ ईमेल:kiankawasaki@kian.or.jp

*************************************************************************************

## विदेशीहरुको लागि "नगरपालिकाले व्यवस्थापन गर्ने आवासको आवेदन फारम" भर्ने तरिका सिकाउने कार्यक्रम

नगरपालिकाले व्यवस्थापन गर्ने आवासको आवेदन दिने इच्छा छ तर फारम भर्ने तरिका थाहा छैन...
त्यस्ता व्यक्तिलाई सँगै बसेर आवेदन फारम भर्न सिकाउनुको साथै त्यहि बेला भरेको फारम बुझाउन सहयोग गर्नेछौं।
(अंग्रेजी, चाइनिज, पोर्तुगाली, तागालोग, नेपाली, भियतनामी भाषाको अनुवाद सुविधा उपलब्ध छ।)



**मिति र समयः जुन 13 तारिख (शनिबार) बिहान 10:00 देखि 12:00**

नि:शुल्क

**स्थानः खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, दान्खाचु खाचुदोउ रुम (समूहको कार्यक्रम कोठा)**

**आवेदन दिने म्यादः जुन 11 तारिख (बिहिबार) सम्ममा फोन, ईमेल अथवा केन्द्रमा आएर बुकिंग गर्नुहोस्।**

**फोन नं.: 044-435-7000 ईमेलः soudan39@kian.or.jp**

नगरपालिकाले व्यवस्थापन गर्ने आवास भनेको आवासको समस्या परिरहेको र आम्दानी कम भएकाहरु लक्षित सस्तो भाडामा बस्न मिल्ने गरि सरकार र नगरपालिका मिलेर बनाएको नगरपालिकाको स्वामित्वमा रहेका घरहरु हुन्। निजी आवास भन्दा फरक भई विशेष अथवा नवीकरण शुल्क तिर्नु पर्दैन्। त्यसको सट्टामा आवासको आवेदन दिएको बेला र बसेपछि पनि आय मापदण्ड जस्ता विभिन्न नियमहरुको पालना गर्नु पर्छ। साथै प्रत्येक वर्ष आय सर्वेक्षण गरेर प्रयोग शुल्क (भाडा) निर्धारण गर्ने गर्छ।



**आवेदनको लागि योग्यता :** (1) 18 वर्ष अथवा सो भन्दा माथिको व्यक्ति (वयस्क)
(2) सम्बन्धित नगरमा बस्ने वा नगरको कार्यालयमा 1 वर्ष वा सोभन्दा बढि काम गरेको व्यक्ति
(3) तोकिएको मासिक आम्दानी भन्दा बढी नभएको व्यक्ति
(4) आवासको समस्या परिरहेको व्यक्ति

*************************************************************************************



## मैत्रीपूर्ण भेटघाट कार्यक्रम



### विभिन्न परिकारहरु पकाएर कुराकानी गरौं!

### 「भियतनामी परिकार」

**घरमा सजिलै पकाएर खान सक्ने स्वादिष्ट रेसिपीको साथै भियतनामी संस्कृति सम्बन्धि जानकारी दिनेछौं।**

मिति र समयः जुलाई 18 तारिख (शनिबार) बिहान 11:00 देखि दिउँसो 1:00
स्थानः खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, खाना पकाउने कोठा
सहभागिता शुल्कः 1,600 येन
लक्षित संख्याः 15 जना
आवेदन दिने म्यादः जुलाई 10 तारिख (शुक्रबार) सम्ममा ईमेल अथवा वेबसाइट मार्फत आवेदन दिनुहोस्।
फोन नं.: 044-435-7000 ईमेल: soudan39@kian.or.jp
※बच्चा हेरिदिने सुविधा: 1 देखि 5 वर्ष सम्मका बच्चाहरु मात्र (नि:शुल्क तर अग्रिम जानकारी गर्ने आवश्यक)

# गर्मि बिदामा बच्चाहरूको लागि भाषा सिक्ने कक्षा

**अवधि**: 2026/8/4 (मंगलबार), 5 (बुधबार) र 6 (बिहिबार)

**लक्षित संख्या**: प्रति कक्षा 15 जना सम्म (पहिला आवेदन दिनेलाई पहिलो प्राथमिकता)

**पढाई शुल्क**: प्रति व्यक्ति 3,300 येन (पढाई सामग्री सहित)

**स्थान**: खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

**आवेदन दिने तरिका**: जुलाई 1 तारिख (बुधबार) देखि खावासाकी अन्तर्राष्ट्रिय संघको होमपेज बाट तोकिएको फारम प्रयोग गरेर आवेदन दिनुहोस्।




आवेदन QR

| कक्षाको नाम | समय | लक्षित कक्षाका विद्यार्थी | प्रशिक्षक |
|---|---|---|---|
| बच्चाको अंग्रेजी भाषाको कक्षा A | दिउँसो 1:00 देखि 2:00 | कक्षा 1 र 2 | एल्डा बेआटोरिस फुजिकुरा (अर्जेन्टिनाको नागरिक) |
| बच्चाको अंग्रेजी भाषाको कक्षा B | दिउँसो 2:30 देखि 3:30 | कक्षा 3 र 4 | |
| बच्चाको स्पेनिश भाषाको कक्षा | बिहान 10:30 देखि 11:30 | कक्षा 1 देखि 5 | ज्योबान्नी इचिखावा (पेरुको नागरिक) |

*************************************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

**केहि समस्या परेमा वा प्रश्नहरु भएमा नहिचकिचाई हामीलाई सम्पर्क गर्नुहोस्। (नि:शुल्क हो।)**

## ZOOM प्रयोग गरेर अनलाइन परामर्श पनि लिन सक्नुहुन्छ !

बुकिंग होमपेज बाट गर्नुहोस्

परामर्शको समय: **बिहान 9 बजे बाट** साँझ **5 बजे (दिउँसो खाजा खाने समयमा पनिपरामर्श प्रदान गर्छौं।)**

परामर्श हटलाइन फोन नं.: **044-455-8811**

परामर्श प्रत्यक्ष रूपमा, फोन, इमेल अथवा अनलाइनमार्फत लिन सकिन्छ ।

तोकिएको भाषा बोल्ने परामर्शदाता नभए पनि भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श लिन सकिन्छ।

| भाषा | बार | समाधान गर्ने तरिका |
|---|---|---|
| सजिलो जापानिज, अंग्रेजी, चाइनिज, फिलिपिन, पोर्तुगाली, नेपाली, भियतनामी, स्पेनिश, थाई, कोरियान | सोमबार देखि शनिबार | परामर्शदाता वा अनुवाद सेवा प्रयोग गर्न सकिन्छ । (※नोट) बार अनुसार उक्त भाषा बोल्ने परामर्श दाता नभएमा भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श दिइन्छ। |
| इन्डोनेसियाली | सोमबार देखि शुक्रबार | |

अनलाइन परामर्शको आवेदनको लागि

खावासाकी अन्तर्राष्ट्रिय संघको होमपेज

# प्रशासनिक अधिकृत बाट नि:शुल्क परामर्श

प्रशासनिक अधिकृतसँग परामर्श लिन सक्ने विषयहरु धेरै भएता पनि मुख्यतया **विभिन्न लाइसेन्सहरुको आवेदन, उत्तराधिकार सम्बन्धित प्रक्रियाहरु, भिषा सम्बन्धित प्रक्रियाहरु, कम्पनी स्थापना, सम्झौता पत्रहरुको तयारी,** आदि हुन्।

**हरेक महिनाको तेस्रो आइतबार सञ्चालन गरिन्छ ।** परामर्श जापानी भाषामा मात्र उपलब्ध भएतापनि, सशुल्क अनुवाद सेवाको अग्रिम बुकिङ पनि गर्न सकिन्छ ।

**2026/6/21 र 2026/7/19 (आइतबार)** दिउँसो **2 बजे बाट 4 बजे** (केन्द्रको दोस्रो तल्ला, संघको बैठक कोठा)